*सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५को उपदफा ३ बमोजिम सार्वजनिक गरिएको बिवरण ।*

# सूचना सार्वजनिक गर्ने निकाय : नेपाल धितोपत्र बोर्ड
# सूचना सार्वजनिक गरेको अवधि : दोस्रो त्रैमास, आ.ब.२०७९।०८०

## १.नेपाल धितोपत्र बोर्डको स्वरुप र प्रकृति :

धितोपत्र कारोवार ऐन, २०४० अनुसार सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न, देशको आर्थिक विकासमा योगदान पुऱ्याउन, लगानीकर्ताको हकहित संरक्षण गर्न, उद्योगधन्दाको स्वामित्वमा जनसहभागिता बढाउन, संस्थागत सुशासन कायम गर्न र धितोपत्र कारोवारलाई व्यवस्थित र नियमित गर्न नेपाल सरकारबाट यसको नियामक निकायको रुपमा वि.सं.२०५० साल जेष्ठ २५ गते नेपाल धितोपत्र बोर्डको स्थापना गरिएको हो । धितोपत्र बोर्डलाई अंग्रेजीमा Securities Board of Nepal (SEBON) भनिन्छ ।

वि.सं. २०६३ सालमा धितोपत्र कारोवार ऐन, २०४० खारेज गरी देशको आर्थिक विकासका लागि पुँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, विक्री, वितरण तथा विनिमयलाई व्यवस्थित वनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्नको लागि वृहत उद्देश्यसहित धितोपत्र सम्वन्धी ऐन, २०६३ जारी गरियो । तत्पश्चात धितोपत्र सम्वन्धी ऐन,२०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वशासित र संगठित संस्थाको रुपमा समग्र पुँजीबजारको नियमन र सुपरिवेक्षण गर्दै आएको छ । साथै, २०७४ भाद्र ११ देखि वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ लागू भए पश्चात वस्तु विनिमय बजारको नियमन गर्ने जिम्मेवारी समेत बोर्डमा आएको छ ।

❖ **दीर्घकालीन सोच** :
स्वच्छ, प्रतिस्पर्धी र फराकिलो धितोपत्र तथा वस्तु विनिमय बजार मार्फत राष्ट्रिय पूँजी निर्माण गर्ने ।

❖ **लक्ष्य(Goal)** :
सबल, गतिशील र विश्वसनीय धितोपत्र तथा वस्तु विनिमय बजारको विकास मार्फत लगानी आकर्षित गर्ने ।

❖ **उद्देश्य(Objectives)** :

- धितोपत्र बजार तथा वस्तु विनिमय बजारलाई स्वच्छ, पहुँचयोग्य र विश्वसनीय बनाउने ।
- लगानीकर्ताको हित संरक्षण गर्ने ।
- बजार नियमन तथा सुपरिवेक्षण गर्ने ।
- बजारमा संलग्न संस्था तथा निकायहरूको व्यवसायिकता तथा संस्थागत सुशासन अभिवृद्धि गर्ने ।
- बजारको प्रणालीगत जोखिमलाइ न्यूनीकरण गर्ने ।
- पुँजी बजारमा संलग्न संस्था तथा निकायहरूको व्यवसायिकता तथा संस्थागत सुशासन अभिवृद्धि गर्ने ।

❖ **मूल मान्यता (Core Values)** :

नेपाल धितोपत्र बोर्ड २०५० ललितपुर

पुँजी बजारलाई स्वच्छ, पारदर्शी, जवाफदेही, विश्वसनीय, गतिशील एवम् प्रतिस्पर्धी बनाउने ।

❖ .रणनीति (**Strategy**) :

- धितोपत्र तथा वस्तु विनिमय बजारलाई स्वच्छ, प्रतिस्पर्धा र विश्वसनीय बनाउनुका साथै यसको क्षेत्र तथा दायरा अभिवृद्धि गर्ने ।
- कानूनी, संस्थागत र संरचनागत सुधार गरी धितोपत्र तथा वस्तु विनिमय बजार संचालन तथा नियमन प्रणालीलाई अर्न्तराष्ट्रियस्तरको बनाउने ।
- धितोपत्र बजारमा साना र स्वेदशी तथा विदेशी लगानीकर्ताको आर्कषण बढाउने ।
- बोर्डको संस्थागत क्षमता अभिवृद्धि गर्ने

## ❖ बोर्डको संचालक समिति :

धितोपत्र सम्वन्धी ऐन, २०६३ वमोजिम बोर्डमा देहायबमोजिमको ७ सदस्यीय संचालक समिति रहने व्यवस्था छ :


| | | |
|---|---|---|
| धितोपत्र बजार व्यवस्थापन, पुँजी बजार विकास, आर्थिक, वित्तीय, वाणिज्य, व्यवस्थापन वा कानुन विषयमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तिमा सात वर्ष काम गरेका लब्ध प्रतिष्ठित व्यक्तिहरुमध्येवाट नेपाल सरकार(मन्त्रिपरिषद)बाट नियुक्त व्यक्ति | अध्यक्ष | श्री रमेश कुमार हमाल |
| सह-सचिव, अर्थ मन्त्रालय | सदस्य | श्री रितेश कुमार शाक्य |
| सह-सचिव, कानुन,न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय | सदस्य | श्री फणीन्द्र गौतम |
| कार्यकारी निर्देशक (प्रतिनिधि), नेपाल राष्ट्र बैक | सदस्य | श्री मुकुन्द कुमार छेत्री |
| उपाध्यक्ष (प्रतिनिधि), नेपाल चाटर्ड एकाउण्टेण्ट्स संस्था | सदस्य | श्री सुजन कुमार काफ्ले |
| उपाध्यक्ष (प्रतिनिधि), नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य | श्री अञ्जन श्रेष्ठ |
| पुँजीबजार विज्ञहरुमध्ये नेपाल सरकार(अर्थ मन्त्रालय)बाट मनोनित | विज्ञ सदस्य | श्री भोला नाथ ढुंगाना |

## ❖ बोर्डको संगठनात्मक स्वरुप :

नेपाल धितोपत्र बोर्डको संगठन स्वरुप देहाय बमोजिम रहेको छ ।

**नेपाल धितोपत्र बोर्ड**

**संगठनात्मक ढाँचा**




## २. बोर्डको काम कर्तब्य र अधिकार :

धितोपत्र सम्वन्धी ऐन,२०६३ बमोजिम बोर्डको देहाय बमोजिमका काम, कर्तव्य र अधिकारहरु रहेका छन्:

धितोपत्र बजार संचालन अनुमति दिने, धितोपत्र बजारको काम कारवाहीको नियमन तथा अनुगमन गर्ने र नियमानुसार कार्य गरेको नपाइएमा धितोपत्र बजारको अनुमतिपत्र निलम्वन वा खारेज गर्ने ।

- धितोपत्र व्यवसाय संचालन गर्न अनुमतिपत्र दिने तथा धितोपत्र व्यवसायीको काम कारवाहीको नियमन तथा अनुगमन गर्ने र नियमानुसार कार्य गरेको नपाइएमा धितोपत्र व्यवसायीको अनुमतिपत्र निलम्वन वा खारेज गर्ने ।
- धितोपत्र व्यवसायीको कार्य तथा क्षमता अनुरुप वर्गीकरण गर्ने र स्तर कायम गर्ने ।
- धितोपत्र सार्वजनिक रुपमा निष्काशन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने ।

- दर्ता भएको धितोपत्रको निष्काशन, हस्तान्तरण, बिक्री र विनिमयलाई नियमित तथा व्यवस्थित गर्ने ।
- पुँजी बजारको विकाससँग सम्वन्धित विषयका सम्वन्धमा नेपाल सरकारलाई आवश्यकतानुसार परामर्श दिने ।
- सामूहिक लगानी योजना तथा लगानी कोष कार्यक्रम संचालन गर्न स्वीकृति दिने तथा सोको नियमन र अनुगमन गर्ने ।
- धितोपत्र बजार तथा धितोपत्र कारोबारमा संलग्न धितोपत्र व्यवसायसँग सम्वन्धित संस्थाहरुको विनियम स्वीकृत गर्ने ।
- पुँजी बजारको बिकास तथा धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न धितोपत्र बजार तथा कारोवारमा संलग्न धितोपत्र व्यवसायसँग सम्वन्धित संस्थाहरुको विनियममा आवश्यकता अनुरुप संशोधन गर्न आदेश दिने ।
- धितोपत्र कारोबार सम्वन्धी हिसाव राफसाफ गर्ने कामलाई नियमित तथा व्यवस्थित गर्ने ।
- धितोपत्र बजारको सम्वर्द्धन, प्रवर्द्धन र स्वच्छ संचालनका लागि धितोपत्रको परिमाण र कारोबारको तरिकालाई नियमित गर्न आवश्यक व्यवस्था गर्ने गराउने ।
- धितोपत्र लगानीकर्ताको हितको संरक्षण गर्नका लागि धितोपत्रको भित्री कारोवार वा धितोपत्र कारोबार सम्वन्धी अन्य कसुर हुन नदिन आवश्यक व्यवस्था गर्ने ।
- धितोपत्र निष्काशन गर्ने संगठित संस्था तथा धितोपत्र व्यवसायीले पेश गरेको आर्थिक विवरण पुनरावलोकन गर्ने, गराउने र तत्सम्वन्धमा आवश्यक देखेको निर्देशन सम्वन्धित संगठित संस्थालाई दिने ।
- धितोपत्र वा कम्पनी सम्वन्धी मामिलाका सम्वन्धमा सुपरिवेक्षण तथा नियमन गर्न सम्वन्धित निकायहरुसँग समन्वय गरी सहयोग लिने दिने ।
- धितोपत्र तथा पुँजी बजार विकासका सम्वन्धमा आवश्यक अन्य कामहरु गर्ने गराउने ।
- धितोपत्र सम्बन्धी ऐन बमोजिम बोर्डले पुँजीबजारको नियमन तथा अनुगमन गर्ने पूर्ण अधिकार प्राप्त गरेको र उक्त ऐनको दफा १०१ को व्यवस्था अनुसार ऐनको बर्खिलाप हुने कार्य गरेमा उक्त कार्य गर्ने व्यक्ति, धितोपत्र व्यवसायी तथा अन्य संस्थाहरुलाई कसूर अनुसार पचास हजारदेखि तीन लाखसम्म जरिवाना तथा दुई वर्षसम्म कैद वा कारोबार, पेशा वा व्यवसाय गर्न आंशिक वा पूर्ण रूपमा रोक लगाउने र अनुमतिपत्र, इजाजतपत्र वा दर्ता निलम्बन गर्ने वा खारेज गर्ने व्यवस्था समेत रहेको छ ।

**धितोपत्र सम्वन्धी ऐन, २०६३ बमोजिम बोर्डका देहाय बमोजिमका विशेष अधिकारहरु रहेका छन्**

- धितोपत्र सार्वजनिक निष्काशन गरेका संगठित संस्थाले प्रचलित कानुन बमोजिम बोलाउनु पर्ने साधारण सभा निर्धारित समयभित्र नबोलाएमा साधारण सभा बोलाउन तथा निर्धारित समयभित्र धितोपत्र बाँडफाँट नगरेमा त्यस्तो धितोपत्रको लागि जम्मा भएको रकम फिर्ता गर्न आदेश दिने,
- धितोपत्र बजारसँग परामर्श गरी बढीमा पाँच दिनसम्मका लागि धितोपत्र बजार बन्द गर्न आदेश दिने तथा धितोपत्र सूचीकरण गराउन वा धितोपत्रको कारोबार रोक्न सम्बन्धित संगठित संस्थालाई निर्देशन दिने,

- धितोपत्र बजारको सञ्चालक समिति पुनर्संरचना गर्न धितोपत्र बजारलाई निर्देशन दिने,
- धितोपत्र बजारले आफ्नो सदस्यलाई कुनै कारबाही गरेको जानकारी उक्त ऐनको दफा ५२ बमोजिम प्राप्त गरेमा त्यस्तो सदस्यलाई उपयुक्त कारबाही गर्ने वा त्यस्तो सदस्यको अनुमतिपत्र खारेज गर्ने,
- धितोपत्र दर्ता गराएका संगठित संस्थालाई सो संस्थाको व्यवस्थापन, आर्थिक प्रबन्ध तथा अन्य सम्बन्धित व्यवस्थामा सुधार गर्न निर्देशन दिने,
- धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा धितोपत्र दर्ता गराउने संगठित संस्थाका कुनै सञ्चालक वा कर्मचारीले धितोपत्र सम्बन्धी काम कारबाही गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम र सो अन्तर्गत बोर्डले दिएको आदेश वा निर्देशन उल्लंघन गरेमा त्यस्ता सञ्चालक वा कर्मचारीलाई आवश्यक कारबाही चलाउन सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी वा धितोपत्र दर्ता गराउने संगठित संस्थालाई आदेश दिने लगायतका अन्य अधिकारहरु समेत बोर्डमा रहेका छन् ।

**वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिम बोर्डका देहाय अनुसारका काम, कर्तव्य र अधिकारहरु रहेका छन् :**

- वस्तु विनिमय बजार तथा वस्तु कारोबारको विकाससँग सम्बन्धित विषयमा नेपाल सरकारलाई सुझाव दिने ।
- वस्तु विनिमय बजारको विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तथा नीति स्वीकृत गर्ने ।
- वस्तु विनिमय बजार सञ्चालन सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने ।
- वस्तु विनिमय बजारमा कारोबार गर्न सकिने वस्तु तथा वस्तु करारको दर्ता गर्ने ।
- कुनै वस्तु सूचीकरण गराउन वा सूचीकरणबाट हटाउन वा कुनै कारोबार रोक्का गर्न सम्बन्धित वस्तु विनिमय बजारलाई निर्देशन दिने ।
- वस्तु विनिमय बजारको विद्युतीय कारोबार प्रणालीमा कुनै समस्या देखिएमा वा सुधार गर्नुपर्ने देखिएमा त्यस्तो सुधार नगरेसम्मका लागि कारोबार स्थगन गर्न आदेश दिने ।
- बोर्डमा दर्ता भएको वस्तु तथा वस्तु करारको खरिद, बिक्री, हस्तान्तरणलाई नियमित तथा व्यवस्थित गर्ने
- अनुमतिपत्र प्राप्त संस्था तथा कारोबारमा संलग्न पक्षको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने तथा अनुमतिपत्र प्राप्त संस्थाको विनियम स्वीकृत गर्ने ।
- लगानीकर्ताको हित संरक्षण गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई विनियममा आवश्यक व्यवस्था गर्न निर्देशन दिने ।
- वस्तु वा वस्तु करार सम्बन्धी विषयमा सुपरिवेक्षण तथा नियमन गर्न अन्य नियमनकारी निकायसँग समन्वय गर्ने तथा तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## ३.बोर्डमा कार्यरत रहेका कर्मचारी संख्या र कार्य विवरण:

| कार्यरत पद | संख्या | कार्य बिबरण |
|---|---|---|
| अध्यक्ष | १ | संस्था प्रमुख |
| कार्यकारी निर्देशक | ४ | विभागीय प्रमुख |
| उप-कार्यकारी निर्देशक | ८ | महाशाखा प्रमुख |
| निर्देशक | १६ | शाखा प्रमुख |
| का.मु.निर्देशक | ७ | शाखा प्रमुख |
| सहायक निर्देशक | १५ | कार्यालयको कार्य |
| का.मु.सहायक निर्देशक | ५ | कार्यालयको कार्य |
| बरिष्ठ सहायक | ३ | कार्यालयको कार्य |
| सहायक | ४ | कार्यालयको कार्य |
| सवारी चालक | ६ | सवारी चालक |
| सहयोगी | १० | कार्यालय सहयोगी |
| **जम्मा** | ७९ | |

## ४. बोर्डबाट प्रदान गरिने सेवाहरु :

**क)** धितोपत्र निष्काशन, सामूहिक लगानी कोष तथा विशिष्टिकृत लगानी कोष शाखा

| क.सं. | सेवाको विवरण | पेश गर्नुपर्ने कागजात | सम्पर्क अधिकारी | लाग्ने समय | शुल्क/दस्तुर | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १ | धितोपत्र दर्ता | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३ बमोजिमको कागजातहरु | निर्देशक, धितोपत्र निष्काशन, सामूहिक लगानी कोष तथा विशिष्टिकृत लगानी कोष शाखा | दर्ता दस्तुर बुझाएको ७ कार्य दिन / प्राप्त विवरण तथा कागजातको जाँचबुझ गर्दा धितोपत्र दर्ता गर्न मनासिब नदेखिएमा बोर्डले त्यस्तो धितोपत्र दर्ता गर्ने छैन । | निवेदन दस्तुर: रु.२०,०००।-<br>**दर्ता दस्तुर (धितोपत्र निष्काशन मूल्यको):**<br>१) शेयर: ०.२ प्रतिशत<br>२) डिवेन्चर तथा बन्ड:<br>(क) १० अर्वसम्म ०.१५ प्रतिशत<br>(ख) १० अर्व देखि माथि २० अर्वसम्म ०.१२ प्रतिशत<br>(ग) २० अर्व देखि माथि ०.१० प्रतिशत<br>३) सामुहिक लगानी योजना अन्तर्गतको एकाई: ०.१० प्रतिशत<br>४) अन्य धितोपत्र: ०.१० प्रतिशत | उप कार्यकारी निर्देशक, नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |
| २ | विवरणपत्र/ हकप्रद शेयर निष्काशन सम्बन्धी विवरण/ परिपत्र विधिको विवरण/बिक्री प्रस्ताव/विवरण पुस्तिकाको जाँचबुझ तथा सुधार एवं संशोधन गर्न रायप्रतिक्रिया दिने | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४, सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ बमोजिमका आवश्यक कागजातहरु | | | प्रशोधन शुल्क रु.२५,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | विवरणपत्र/ हकप्रद शेयर निष्काशन सम्बन्धी विवरण/ परिपत्र विधिको विवरण/बिक्री प्रस्ताव/विवरण पुस्तिका प्रकाशन गर्न स्वीकृत प्रदान गर्ने | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४, सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ बमोजिमका आवश्यक कागजातहरु | | सम्पूर्ण कागजात पेश भई राय प्रतिक्रिया बमोजिम संशोधन गरिएको विवरणपत्र पेश गरी धितोपत्र दर्ता दस्तुर बुझाएको ७ कार्य दिन | | | |
| ४ | अन्तर्राष्ट्रिय वित्तीय संस्थाको ऋणपत्र दर्ता | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २९ | निर्देशक, धितोपत्र निष्काशन, सामूहिक लगानी कोष तथा विशिष्टिकृत लगानी कोष शाखा | ऋणपत्र दर्ता : दर्ता दस्तुर बुझाएको ७ कार्य दिन<br>विवरणपत्र प्रकाशनको स्वीकृति : सम्पूर्ण कागजात पेश भई राय प्रतिक्रिया बमोजिम संशोधन गरिएको विवरणपत्र पेश भएको ७ कार्य दिन | धितोपत्र निष्काशन मूल्यको ०.१० प्रतिशत | उप कार्यकारी निर्देशक, नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |
| ५ | विशिष्टिकृत लगानी कोषको संचालन तथा व्यवस्थापन गर्न कोष व्यवस्थापकको अनुमतिपत्र लिनुपर्ने | विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम २, ३ र ४ बमोजिम निवेदन | निर्देशक, धितोपत्र निष्काशन, सामूहिक लगानी कोष तथा विशिष्टिकृत लगानी कोष शाखा | ३५ दिन | १) कोष व्यवस्थापक दर्ता शुल्क रु.३ लाख<br>२) कोष व्यवस्थापकको बार्षिक शुल्क रु.१ लाख ५० हजार | उप कार्यकारी निर्देशक, नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |
| ६ | विशिष्टिकृत लगानी कोष बोर्डमा दर्ता | विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को | | | १) निवेदन शुल्क रु.५० हजार<br>२ कोष दर्ता शुल्क: | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्नुपर्ने | नियम १४ बमोजिम निवेदन | | | क) १ करोड रुपैयाँ देखि ५० करोड रुपैयाँसम्म ५ लाख रुपैयाँ<br>(ख) ५० करोड रुपैयाँ देखि १ अर्व रुपैयाँसम्म ७ लाख रुपैयाँ<br>(ग) १ अर्व रुपैयाँ देखि माथि जतिसुकै भएपनि १० लाख रुपैया | | |
| **ख) धितोपत्र व्यवसायी नियमन शाखा** | | | | | | | |
| १ | धितोपत्र दलाल तथा धितोपत्र व्यापारीलाई धितोपत्र व्यवसाय गर्नको लागि अनुमति पत्र प्रदान गर्ने | धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३ बमाजिमको विवरण तथा कागजात । | निर्देशक, धितोपत्र व्यवसायी नियमन शाखा | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | **<u>धितोपत्र दलाल:</u>**<br>निवेदन दस्तुर -<br>(क) सीमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. ५०,०००।-<br>(क) पूर्ण कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. १,००,०००।-<br>अनुमति दस्तुर -<br>(क) सीमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. २५,००,०००।-<br>(क) पूर्ण कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. ५०,००,०००।-<br>**धितोपत्र व्यापारी :**<br>निवेदन दस्तुर: रु.२,००,०००।-,<br>अनुमति दस्तुर: रु. १,००,००,०००।- | उप कार्यकारी निर्देशक, नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |
| २ | **शेयर बिक्री वा हस्तान्तरण गर्दा अभिलेख गर्ने** | धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया | शेयरको बिक्री मूल्यको शून्य दशमलब पच्चीस प्रतिशत | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | नियमावली, २०६४ को नियम १२ को उपनियम (५) बमाजिमको बिवरण तथा कागजात । | | अगाडी बढने । | | | |
| ३ | आधिकारिक प्रतिनिधिको दर्ता | धितोपत्र व्यवसायी<br>(धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम २३ बमोजिम योग्यता पुगेको तथा सोही नियमावलीको नियम २१ को उपनियम (३) बमोजिमको निवेदन, बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | दस्तुर नलाग्ने | | |
| ४ | धितोपत्र दलाल तथा धितोपत्र व्यापारी तथा बजार निर्माताको अनुमति नबिकरण गर्ने । | धितोपत्र व्यवसायी<br>(धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को अनुसूचि ८ बमोजिमको ढाँचामा निवेदन तथा सक्कल प्रमाण पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | **धितोपत्र दलाल** :-<br>बार्षिक शुल्क -<br>(क) सीमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. १,५०,०००।-<br>(क) पूर्ण कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. ३,००,०००।-<br>**धितोपत्र व्यापारी** :- रु.५,००,००० ।-<br>प्रतिलिपी शुल्क: रु.२५,०००। | | |
| ५ | धितोपत्र व्यवसाय (मर्चेन्ट बैंकर) गर्नको लागी अनुमति पत्र प्रदान गर्ने । | धितोपत्र व्यवसायी<br>(मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम ३ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | **निष्काशन तथा बिक्री प्रबन्धक:**<br>निवेदन दस्तुर रु. २५,०००।-,<br>अनुमति दस्तुर रु. ३००,०००।-<br>**शेयर रजिष्ट्रेशन:**<br>निवेदन दस्तुर रु. २५,०००।- अनुमति पत्र दस्तुर रु. २००,०००।-<br>**धितोपत्र प्रत्याभूति:** | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | निवेदन दस्तुर रु. २५,०००।- अनुमतिपत्र दस्तुर रु. ३००,०००।-<br>**<u>लगानी व्यवस्थापन:</u>**<br>निवेदन दस्तुर रु. २५,०००।-, अनुमतिपत्र दस्तुर रु. २००,०००।-<br>**<u>लगानी परामर्श:</u>**<br>निवेदन दस्तुर रु. २५,०००।-, अनुमतिपत्र दस्तुर रु. ३००,०००।- | | |
| ६ | शेयर विक्रि वा हस्तान्तरण गर्दा अभिलेख गर्ने | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम १० को उपनियम (७) बमोजिम विवरण तथा कागजात | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | शेयरको बिक्री मूल्यको शून्य दशमलव तीन प्रतिशत | | |
| ७ | धितोपत्र व्यवसाय ( मर्चेन्ट बैंकर) को अनुमति पत्र नविकरण गर्ने । | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम ७ बमोजिम निवेदन तथा सक्कल अनुमतिपत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि ३० दिन भित्र । | <u>निष्काशन तथा बिक्री प्रबन्ध</u> रु. १५०,०००।-,<br><u>शेयर रजिष्ट्रेशन</u> रु. १००,०००।-,<br><u>धितोपत्र प्रत्याभूति</u> रु. १५०,०००।-,<br><u>लगानी व्यवस्थापन</u> रु. १००,०००।-<br><u>लगानी परामर्श:</u> रु. १५०,०००।- | | |
| ८ | अनुमतिपत्रको प्रतिलिपि प्रदान गर्ने | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम ७क बमोजिम विवरण तथा कागजात | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ७ दिन भित्र । | प्रतिलिपि शुल्क रु.१०,०००।- | | |
| ९ | धितोपत्र बजार संचालन गर्न सिफारिस प्रदान | धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम ३ को उपनियम | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया | निवेदन दस्तुर रु.१,००,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्ने | (२) बमोजिमको बिवरण तथा कागजात । | | अगाडी बढने । | | | |
| १० | धितोपत्र बजार संचालन गर्न अनुमतिपत्र प्रदान गर्ने । | धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम ४ को उपनियम (२) बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | रु. १,५०,००,०००।- | | |
| ११ | धितोपत्र बजार संचालन अनुमतिपत्र नबिकरण गर्ने । | धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम ८ बमोजिम निवेदन तथा सक्कल अनुमति पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | रु. १०,००,०००।- | | |
| १२ | सामुहिक लगानी कोष दर्ता गर्ने | सामुहिक लगानी कोष नियमावली, २०६७ नियम ३ बमोजिम योग्यता पूरा भएको तथा नियम ४ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निवेदन दस्तुर रु. ५०,०००।-<br>दर्ता दस्तुर रु. १०,००,०००।- | | |
| १३ | योजना व्यवस्थापक तथा डिपोजिटरीको अनुमतिपत्र प्रदान गर्ने | सामुहिक लगानी कोष नियमावली, २०६७ नियम १४ र १५ बमोजिम योग्यता पूरा भएको तथा नियम १३ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | अनुमतिपत्र दस्तुर<br>योजना व्यवस्थापक रु.५,००,०००।-<br>डिपोजिटरी रु.१००,०००।- | | |
| १४ | योजना व्यवस्थापक तथा डिपोजिटरीको अनुमतिपत्र नवीकरण गर्ने | सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम १७ बमेजिम निवेदन तथा सक्कल अनुमति पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | अनुमतिपत्र दस्तुर<br>योजना व्यवस्थापक रु.१,००,०००।-<br>डिपोजिटरी रु.२५,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | कोष सुपरिवेक्षक नियुक्ति गर्न स्वीकृति प्रदान गर्ने | सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ७ बमोजिम योग्यता पूरा भई सोही नियमावलीको नियम ६ बमोजिमको विवरण तथा कागजात | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | दस्तुर नलाग्ने | | |
| १६ | धितोपत्रको केन्द्रिय निक्षेप कम्पनीको अनुमतिपत्र प्रदान गर्ने | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | निवेदन दस्तुर रु. २५,०००।- अनुमतिपत्र दस्तुर रु.५,००,०००।- | | |
| १७ | धितोपत्रको केन्द्रिय निक्षेप कम्पनीको अनुमतिपत्र नवीकरण गर्ने | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम ८ बमोजिमको निवेदन तथा सक्कल अनुमति पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु.३,००,०००। - | | |
| १८ | केन्द्रीय निक्षेप कम्पनीको शेयर विक्री वा हस्तान्तरण गर्ने | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम १६ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | शेयर बिक्री मूल्यको ०.५ प्रतिशत | | |
| १९ | निक्षेप सदस्यको दर्ता प्रमाणपत्र प्रदान गर्ने । | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम २० बमोजिम योग्यता पूरा भई नियम २१ बमोजिमको विवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | निवेदन दस्तुर रु. ५,०००।- अनुमतिपत्र दस्तुर रु.५०,०००।- | | |
| २१ | निक्षेप सदस्यको दर्ता प्रमाणपत्र नवीकरण गर्ने । | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम २२ बमोजिमको निवेदन तथा सक्कल | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र | रु २५,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दर्ताप्रमाणपत्र पत्र । | | । | | | |
| २२ | क्रेडिट रेटिङ्ग कम्पनी स्थापना गर्न सहमतिपत्र प्रदान गर्ने | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ४ बमोजिमको विवरण तथा कागजात ॥ | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | दस्तुर नलाग्ने | | |
| २३ | क्रेडिट रेटिङ्ग कम्पनीको अनुमतिपत्र प्रदान गर्ने । | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ६ बमोजिमको विवरण तथा कागजात | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निवेदन दस्तुर रु. १०,०००।-<br>अनुमतिपत्र दस्तुर रु. १,५०,०००।- | | |
| २४ | क्रेडिट रेटिङ्ग कम्पनी को अनुमतिपत्र नवीकरण गर्ने । | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ११ बमोजिमको निवेदन तथा सक्कल अनुमितपत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु. १,००,०००।- | | |
| २५ | आस्वा सेवा अनुमति प्रदान गर्ने | धितोपत्र खरिद ( सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ३, ४ र ५ वमोजिम | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निवेदन दस्तुर रु. ५,०००।-<br>अनुमतिपत्र दस्तुर रु. २५,०००।- | | |
| २६ | आस्वा सेवा अनुमति नवीकरण | धितोपत्र खरिद ( सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ६ वमोजिम | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु. २५,०००।- | | |
| ग) वस्तु विनियम बजार नियमन | | | | | | | |
| १ | वस्तु विनिमय बजार सञ्चालन गर्न पूर्व स्वीकृति लिनुपर्ने | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम ३, ४ र ५ वमोजिमको | निर्देशक, वस्तु विनिमय बजार | ३० दिन | निवेदन दस्तुर: रु. २५,०००।-<br>पूर्व स्वीकृति शुल्क: रु. ५०,०००।- | उप कार्यकारी निर्देशक, वस्तु विनिमय तथा व्यवसायी महाशाखा | कार्यकारी निर्देशक, वस्तु बजार तथा |

| | | कागजात तथा विवरण | नियमन | | | | अनुसन्धान विभाग |
|---|---|---|---|---|---|---|---|
| २ | वस्तु विनिमय बजार सञ्चालन गर्ने अनुमतिपत्र लिनुपर्ने | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम ६ र ७ वमोजिम कागजात तथा विवरण | | १२० दिन | निवेदन दस्तुर: रु. २५,०००।-<br>अनुमति दस्तुर: रु. २५,००,०००।- | | |
| ३ | वस्तु विनिमय बजार सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम ८ वमोजिम कागजात तथा विवरण | | ३० दिन | नवीकरण दस्तुर: रु. ७५०,०००।- | | |
| ४ | वस्तु कारोवार व्यवसायी अनुमतिपत्र लिनुपर्ने | बजार सम्बन्धी नियमावली, २०७४ को नियम ६ र ७ वमोजिम कागजात तथा विवरण | | ९० दिन | **राफसाफ तथा फर्स्यौट**<br>निवेदन दस्तुर: रु. २०,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ४००,०००।-<br>**वेयर हाउस**<br>निवेदन दस्तुर: रु. २०,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ५००,०००।-<br>**बजार निर्माता**<br>निवेदन दस्तुर: रु. २०,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ४००,०००।-<br>**लगानी व्यवस्थापक**<br>निवेदन दस्तुर: रु. १५,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ३००,०००।-<br>**लगानी परामर्शदाता**<br>निवेदन दस्तुर: रु. १५,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ३००,०००।-<br>**संरक्षक (कस्टोडियन)**<br>निवेदन दस्तुर: रु. १५,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ३००,०००।-<br>**वस्तु कारोबार दलाल**<br>निवेदन दस्तुर: रु. १५,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ३००,०००।-<br>**वस्तु कारोबार व्यापारी**<br>निवेदन दस्तुर: रु. १५,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ३००,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | वस्तु कारोबार व्यवसायी अनुमतिपत्र नवीकरण | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम ८ वमोजिम निवेदन | | | **नवीकरण दस्तुर**<br>राफसाफ तथा फर्स्यौट: रु. १२०,०००।-<br>वेयर हाउस: रु. १५०,०००।-<br>बजार निर्माता: रु. १२०,०००।-<br>लगानी व्यवस्थापक: रु. ९०,०००।-<br>लगानी परामर्शदाता: रु. ९०,०००।-<br>संरक्षक (कस्टोडियन): रु. ९०,०००।-<br>वस्तु कारोबार दलाल: रु. ९०,०००।-<br>वस्तु कारोबार व्यापारी: रु. ९०,०००।- | | |
| घ) कानून प्रवलीकरण शाखा | | | | | | | |
| १ | लगानीकर्ता तथा धितोपत्र बजारमा असर पर्ने कुनै पनि गुनासाहरु समाधान गर्ने । | सम्बन्धित विषयमा आफ्नो गुनासो र त्यस गुनासोलाई पुष्टि गर्ने अन्य कागजात (कागजात भएको खण्डमा) । | निर्देशक, कानून प्रवलीकरण शाखा | धितोपत्र सम्बन्धी कसूर सम्बन्धमा बोर्डमा उजुरी दर्ता पश्चात धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नियमावलीहरुको व्यवस्था अनुसार उक्त उजुरी उपर अनुसन्धान तथा तहकिकात कार्य अगाडी बढाउने र बोर्डको टोलफि तथा हटलाईन टेलिफोनबाट प्राप्त समस्या, गुनासो तथा जिज्ञासाको तत्समयमा सम्बन्धित महाशाखा, शाखासंग समन्वय गरी सम्बोधन गर्ने । | दस्तुर नलाग्ने | उप कार्यकारी निर्देशक, कानून महाशाखा | कार्यकारी निर्देशक, व्यवस्थापन तथा कानुन विभाग |
| ङ) अनुसन्धान, संस्थागत नीति योजना तथा जोखिम व्यवस्थापन शाखा | | | | | | | |
| १ | अध्ययन तथा प्रकाशन सम्बन्धी जानकारी | | निर्देशक, अनुसन्धान, संस्थागत नीति योजना तथा जोखिम | सोही दिन | दस्तुर नलाग्ने | उप कार्यकारी निर्देशक, धितोपत्र तथा वस्तु बजार अनुसन्धान महाशाखा | कार्यकारी निर्देशक, वस्तु बजार तथा अनुसन्धान |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | व्यवस्थापन शाखा | | | | विभाग |
| च) प्रशिक्षण तथा वित्तीय साक्षरता शाखा | | | | | | | |
| १ | धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी शिक्षा तथा तालिमको जानकारी | | निर्देशक, प्रशिक्षण तथा वित्तीय साक्षरता शाखा | सोही दिन | दस्तुर नलाग्ने | उप कार्यकारी निर्देशक, धितोपत्र तथा वस्तु बजार अनुसन्धान महाशाखा | कार्यकारी निर्देशक, वस्तु बजार तथा अनुसन्धान विभाग |

## ५.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

नेपाल धितोपत्र बोर्डको काठमाडौं बाहिर कुनै पनि शाखा कार्यालय नरहेको ।

## ६. बोर्डको विभाग, महाशाखा र जिम्मेवार अधिकारी:

| सि नं. | जिम्मेवार अधिकारी | बिभाग/महाशाखा /शाखा | टेलिफोन नं. |
|---|---|---|---|
| १ | **कार्यकारी निर्देशक**, डा. नवराज अधिकारी | सुपरीवेक्षण विभाग | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४१८ |
| २ | **कार्यकारी निर्देशक,** श्री विनयदेव आचार्य | बस्तु बजार तथा अनुसन्धान विभाग | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ३०७ |
| ३ | **कार्यकारी निर्देशक** , श्री मुक्तिनाथ श्रेष्ठ | नियमन विभाग | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २१५ |
| ४ | **कार्यकारी निर्देशक**, श्री कृष्ण राज पोखरेल | व्यवस्थापन तथा कानुन विभाग | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं.४०८ |
| ६ | **उप कार्यकारी निर्देशक,** श्री रुपेश के. सी | बजार तथा सूचिकृत संस्था महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २०७ |
| ७ | **उप कार्यकारी निर्देशक,** श्री दीपा दाहाल | धितोपत्र दलाला व्यापारी महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २०६ |
| ८ | **उप कार्यकारी निर्देशक,** श्री निरञ्जय घिमिरे | कानुन महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४०६ |
| ९ | **उप कार्यकारी निर्देशक,** श्री अम्विका प्रसाद गिरी | नियमन महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४०४ |
| १० | **उप कार्यकारी निर्देशक,** श्री नारायण प्रसाद शर्मा | धितोपत्र तथा वस्तु बजार अनुसन्धान महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४१५ |
| ११ | **उप कार्यकारी निर्देशक,** श्री दिपेश ताम्राकार | वस्तु विनिमय तथा व्यवसायी महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४०३ |
| १२ | **उप कार्यकारी निर्देशक,** श्री तेज प्रसाद देवकोटा | व्यवस्थापन तथा वित्त महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ३०८ |
| १३ | **उप कार्यकारी निर्देशक** , श्री कृष्ण प्रसाद घिमिरे | धितोपत्र व्यवसायी महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २१७ |
| १४ | **का.मु. निर्देशक,** श्री अमिर थापा | जनसम्पर्क तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. |
| १५ | **का.मु. निर्देशक,** श्री विनोद पौडेल (गुनासो व्यवस्थापन) | सम्पति शुद्दिकरण तथा गुनासो व्यवस्थापन शाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४०९ |

## ७.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

बोडको सेवा प्राप्त गर्न बुंदा नं.४ को तालिकामा उल्लेख भए बमोजिमको शुल्क तथा समय लाग्दछ ।

## ८.निणर्य गर्ने प्रक्रिया र अधिकारी :

बोर्डमा गरिने निर्णयहरु धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिम हुने गर्दछन् । बिभिन्न शाखाहरुबाट उठान भएको विषयमा तहगत रुपमा राय पेश हुदै केही बिषयमा बोर्ड अध्यक्षबाट निर्णय हुन्छ । केही विषयहरु संचालक समितिमा पेश भई सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ ।

## ९.निणर्य उपर उजुरी सुन्ने अधिकारी :

कार्यकारी अध्यक्ष

## १०.सम्पादन गरेको कामको विवरण :

आ.व.२०७९।८० को दोस्रो त्रैमासमा बोर्डबाट सम्पन्न भएका प्रमुख कार्यहरु देहाय बमोजिम रहेको छ :

**बोर्ड पक्ष /विपक्ष भएका मुद्दामामिला तथा धितोपत्र सम्बन्धी कानुन संशोधन/परिमार्जन सम्बन्धी विवरण:**

- बोर्डलाई विपक्षी बनाई दायर भएको रिट निवेदन उत्प्रेषणको ३ वटा मुद्दामा सर्वोच्च अदालतमा लिखित जवाफ पेश गरेको र एउटा रिट निवेदन खारेज भएको । यसरी हाल १८ वटा मुद्दा चालु अवस्थामा रहेको ।
- बोर्डलाई विपक्षी बनाई दायर भएको रिट निवेदन उत्प्रेषणको ३ वटा मुद्दामा उच्च अदालत पाटनमा लिखित जवाफ पेश गरेको । तथा एउटा मुद्दामा फैसला भई २ वटा मुद्दामा चालु अवस्थामा रहेको ।
- धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा छैठौं संशोधन लागू गरिएको ।
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा सातौ संशोधनलाई स्वीकृतिको लागि अर्थ मन्त्रालय पठाइएको ।

**गुनासो र गुनासोको सुनवाई सम्बन्धी विवरण :**

• आ.व. ०७९।०८० मा बोर्डको हटलाईन र लिखित रुपमा प्राप्त हुन आएका गुनासाहरुमा आवश्यक कारवाही चलाइ समाधान गरिएको ।

**राय प्रतिकृया सम्बन्धी विवरण:**

• कम्पनी रजिष्ट्रारको कार्यालयबाट धितोपत्र व्यवसायी कम्पनी दर्ता तथा धितोपत्र व्यवसायीको बोर्डको प्रबन्धपत्र नियमावलीमा संशोधनकोलागि राय प्रतिकृया माग भै आएका र बोर्डको आन्तरिक रुपमा राय माग भएका विषयमा राय उपलब्ध गराइदै आइएको ।

**सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी विवरण:**

नेपाल धितोपत्र बोर्ड २०५० ललितपुर

- AML/CFT सुपरिवेक्षण एकाईमा रही जोखिममा आधारित सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सुपरिवेक्षण म्यानुअल, २०७७ अन्तर्गत १८ ओटा धितोपत्रसंग सम्बन्धित सूचक संस्थाहरुको जोखिममा आधारित AML/CFT सुपरिवेक्षण गरिएको ।
- AML/CFT सुपरिवेक्षण एकाई अन्तर्गत सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६ र जोखिममा आधारित सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सुपरिवेक्षण म्यानुअल, २०७७ आधारित भई सूचक संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा अनुपालना अधिकृतलाई तालिम प्रदान गरिएको ।

**अनुमतिपत्र तथा स्वीकृति प्रदान सम्बन्धी कार्य विवरणहरु :**

आ.व. २०७९।८० को दोस्रो त्रैमासिक अवधिसम्ममा बोर्डबाट अनुमतिपत्र प्रदान तथा नविकरण गर्ने सम्बन्धमा गरिएका कार्यहरु देहाय बमोजिम रहेको छ ।

**अनुमतिपत्र प्रदान तथा नवीकरण सम्बन्धी विवरण:**

| क.सं | विवरण | संख्या |
|---|---|---|
| १. | धितोपत्र बजारको अनुमतिपत्र नविकरण | १ वटा |
| २. | केन्द्रीय निक्षेप कम्पनीको अनुमतिपत्र नविकरण | १ वटा |
| ३. | आश्वा सदस्यहरुको नविकरण | ४८ वटा |
| ४. | निक्षेप सदस्यहरुको नविकरण | ८२ वटा |
| ५. | मर्चेन्ट बैंकरको अनुमतिपत्र नविकरण | ३० वटा |
| ६. | धितोपत्र दलाल व्यवसाहीको अनुमतिपत्र नविकरण | ५० वटा |
| ७. | स्टक डिलरको अनुमतिपत्र नविकरण | १ वटा |
| ८. | क्रेडिट रेटिङ्ग कम्पनीको अनुमतिपत्र नविकरण | ३ वटा |
| ९. | धितोपत्र दलाल व्यवसाहीको अनुमतिपत्रका लागि नयाँ आवेदन प्राप्त भएको | ४५ वटा |
| १०. | प्राइभेट इक्युटी र भेन्चर क्यापिटलको अनुमतिपत्र प्रदान गरिएको | ११ वटा |
| ११. | योग्य संस्थागत लगानीकर्ताको अनुमतिपत्र प्रदान गरिएको | ५ वटा |
| १२. | प्राथमिक सार्वजनिक निष्काशनको विवरणपत्र स्वीकृती | ५ वटा |
| १३. | बोनस शेयर रजिष्ट्रेशन | ४१ वटा |
| १४ | सामुहिक लगानी कोष योजना स्वीकृती | ३ वटा |
| १५. | धितोपत्र दर्ता गराएका संगठित संस्था एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ती सम्बन्धी निर्देशिका, २०७९ बमोजिम पूर्व स्वीकृति प्रदान गरिएको | २ वटा |
| १६. | धितोपत्र दर्ता गराएका संगठित संस्था एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ती सम्बन्धी निर्देशिका, २०७९ बमोजिम अन्तिम स्वीकृति प्रदान गरिएको | ९ वटा |

## प्राइभेट ईक्विटी तथा भेन्चर क्यापिटलको कोष व्यवस्थापकको अनुमतिपत्र प्रदान सम्बन्धी विवरण:

| सि.नं. | नाम | ठेगाना | अनुमतिपत्र प्राप्त मिति |
|---|---|---|---|
| १ | एनएमबि क्यापिटल लि. | नागपोखरी, काठमाडौं । | २०७९।०५।१९ |
| २ | लक्ष्मी क्यापिटल मार्केट लि. | नयाँबानेश्वर, काठमाडौं । | २०७९।०५।१९ |
| ३ | ग्लोबल इक्विटी फण्ड प्राइभेट लि. | बानेश्वर, काठमाडौं । | २०७९।०४।२४ |
| ४ | एन आई सी एशिया क्यापिटल लि. | बबरमहल, काठमाडौं । | २०७९।०५।१९ |
| ५ | एनआईबिएल एस क्यापिटल लि. | लाजिम्पाट, काठमाण्डौ । | २०७९।०५।१९ |
| ६ | प्रभु क्यापिटल लि. | कमलादी, काठमाण्डौ । | २०७९।०५।१९ |
| ७ | अवसर ईक्विटी लि. | कुपण्डोल, काठमान्डौ । | २०७९।०५।०७ |
| ८ | नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि., | नक्साल, काठमाडौं । | २०७९।०५।१९ |
| ९ | आध्यन्त फण्ड म्यानेजमेन्ट लि., | महाराजगंज, काठमाडौं । | २०७९।०६।०२ |
| १० | रिलायवल भेन्चर क्यापिटल लि. | ज्ञानेश्वर, काठमाडौं । | २०७९।०९।०१ |
| ११ | अल्फा प्लस भेन्चर्स लि. | नक्साल, काठमाडौं । | २०७९।०९।०१ |

## मर्चेन्ट बैंकरको अनुमतिपत्र प्रदान सम्बन्धी विवरण:

| सि.नं. | नाम | ठेगाना | अनुमतिपत्र प्राप्त मिति |
|---|---|---|---|
| १ | मार्केट पण्डित क्यापिटल एण्ड मर्चेन्ट बैंकिङ्ग लि. | जावलाखेल, ललितपुर | २०७९।०९।२४ |

## योग्य संस्थागत लगानीकर्ताको कार्य गर्न प्रदान गरिएको अनुमतिपत्र सम्बन्धी विवरण:

| | | | |
|---|---|---|---|
| **मिति: २०७९।०५।०८ मा स्वीकृत भएका थप संस्थाहरु** | | | |
| १ | सेन्ट्रल फाइनान्स लि. | ४ | गोर्खाज फाइनान्स लि. |
| २ | सानिमा बैंक लि. | ५ | ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड-१ |
| ३ | प्रभु इन्स्युरेन्स लि. | | |
| **मिति: २०७९।०७।१५ मा स्वीकृति भएका थप संस्थाहरु** | | | |
| १ | कुमारी क्यापिटल लि. | ५ | गोल्यान टावर प्रा.लि. |
| २ | मनोकामना इन्भेष्टमेन्ट विजनेश क.प्रा.लि. | ६ | एस आर हाइड्रो एण्ड इन्भेष्टमेन्ट प्रा.लि. |
| ३ | चार्टड क्यापिटल एण्ड इन्भेष्टमेन्ट लि. | ७ | सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. |
| ४ | आई क्यापिटल प्रा.लि. | | |

**यस सँगै योग्य संस्थागत लगानीकर्ताको संख्या १३८ पुगेको छ ।**

## धितोपत्र दलाल व्यवसायीको शाखा कार्यालयको स्वीकृति सम्बन्धी विवरण:

११ धितोपत्र दलाल व्यवसायीले २० वटा शाखा संचालनको अनुमति प्राप्त गरेको ।

| क.सं | धितोपत्र दलाल व्यवसायीको नाम | पूर्वाधार तयार गरेको स्थान |
|---|---|---|
| १ | भिजन सेक्यूरिटिज प्रा.लि | १.कपिलवस्तु जिल्लाको चन्द्रौटा<br>२.ईलाम जिल्लाको ईलाम बजार<br>३.कैलाली जिल्लाको टिकापुर |
| २ | कालिका सेक्युरिटिज प्रा.लि. | १.महोत्तरी जिल्लाको बर्दिबास |
| ३ | त्रिशक्ति सेक्युरिटिज पब्लिक लिमिटेड | १.कन्चनपुर जिल्लाको महेन्द्रनगर |
| ४ | निभ सेक्यूरिटिज प्रा.लि. | १.सर्लाही जिल्लाको हरिवन<br>२.कैलाली जिल्लाको अत्तरिया |
| ५ | भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि. | १.पर्सा जिल्लाको विरगंज<br>२.काभ्रे जिल्लाको धुलिखेल<br>३.सुर्खेत जिल्लको सुर्खेत<br>४.महोत्तरी जिल्लाको बर्दिबास<br>५.म्याग्दी जिल्लाको बेनी<br>६.दोलखा जिल्लाको चरिकोट |
| ६ | इम्पेरियल सेक्यूरिटिज कम्पनी प्रा.लि. | १.धादिङ्ग जिल्लाको धादिङ्गवेशी |
| ७ | थ्राईभ ब्रोकरेज हाउस प्रा.लि. | १.तनहूँ जिल्लाको दमौली |
| ८ | सुन्धारा सेक्यूरिटिज लि. | १.बारा जिल्लाको सिमरा<br>२.चित्तवन जिल्लाको पर्सा |
| ९ | क्रियटिभ सेक्युरिटिज प्रा.लि. | १.पाल्पा जिल्लाको तानसेन |
| १० | आशुतोष सेक्युरिटिज प्रा.लि. | १.सिराहा जिल्लाको मिरचैया |
| ११ | मिडास स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि. | १.गोरखा जिल्लाको गोरखा बजार |

**यस सँगै धितोपत्र दलाल व्यवसायीको शाखा संख्या ८१ पुगेको छ ।**

## धितोपत्र दर्ता तथा सार्वजनिक निष्काशनसम्बन्धी विवरण:

आ.व. २०७९।८० को दोस्रो त्रैमासिक अवधिमा बोर्डमा धितोपत्र दर्ता तथा निष्काशन भएको तथा सार्वजनिक निष्काशन स्वीकृति सम्बन्धी विवरण सम्बन्धी विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

## वस्तु विनिमय बजार सम्बन्धी विवरण:

आ.व. २०७९।८० को प्रथम त्रैमासमा वस्तु विनिमय तथा व्यवसायी महाशाखा अन्तर्गत मिति २०७९।०६।०२ मा दुईवटा वस्तु विनिमय बजार संचालन गर्न पूर्व स्वीकृतिका लागि दरखास्त आव्हान गर्दै ४५ दिनको म्याद दिई सूचना प्रकाशन गरिएकोमा सो सूचना प्रकाशन भएको ४३ औं दिनसम्म कुनै आवेदन प्राप्त नभएको तथा मिति २०७९।०७।०४ मा सर्वोच्च अदालतबाट जारी भएको अल्पकालिन आदेश अनुरुप बोर्डबाट मिति २०७९।०६।०२ मा प्रकाशित सूचना बमोजिमका आवेदन लिने लगायतका थप काम कारवाहीहरु बोर्डबाट अर्को निर्णय नहुँदा सम्मका लागि यथास्थितिमा राख्ने निर्णय भएको हुँदा आ. व. २०७९।८० को दोस्रो त्रैमासमा वस्तु दलाल, व्यापारी तथा वस्तु व्यवसायी र वस्तु विनिमय राफसाफ तथा फर्छ्यौट शाखा अन्तर्गत कुनै पनि कार्यहरु नभएको ।

**सूचना प्रविधिसँग सम्बन्धित विवरण :**

आ.व. २०७९।८० को दोस्रो त्रैमासमा सूचना सञ्चार तथा प्रविधी शाखा अन्तर्गतका नियमित कार्यहरु जस्तै वेवसाइट अपडेट, टेक्निकल रिसर्च, बोर्डका प्राविधिक कार्यमा सपोर्ट, बोर्डबाट खरिद गरिने विभिन्न सिस्टम तथा सूचना प्रविधीको सामानहरुका Terms of Reference (TOR) तथा स्पेसिफिकेशन बनाउने जस्ता कार्यहरु भइरहेको ।

**निरिक्षण तथा सुपरिवेक्षण सम्बन्धी विवरण :**

- आ.व. २०७९।८० को दोस्रो त्रैमासिक अवधिसम्ममा ३ वटा धितोपत्र दलाल व्यवसायीको स्थलगत निरीक्षण र ५० वटा धितोपत्र दलाल व्यवसायी, १ वटा धितोपत्र व्यापारी तथा १४ वटा सामूहिक लगानी कोषको गैर स्थलगत सुपरिवेक्षण गरिएको ।
- आ.व. २०७९।८० को दोस्रो त्रैमासिक अवधिमा ३० वटा धितोपत्र व्यवसायी (मर्चेन्ट बैंक) हरुको गैर स्थलगत सुपरिवेक्षण गरिएको ।
- आ.व. २०७९।८० को दोस्रो त्रैमासमा नेपाल बंगलादेश क्यापिटल नविल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेडमा मर्जर भई २०७९/०९/०१ गतेवाट संयुक्त कारोवार सञ्चालन भएको । साथै थप एक मार्केट पण्डित क्यापिटल एण्ड मर्चेन्ट बैंकिङ लि लाई मिति २०७९/०९/२४ मा लगानी व्यवस्थापनको कार्य गर्ने गरी मर्चेन्ट बैंकरको अनुमति पत्र प्रदान गरिएको ।
- आ.व. २०७९।८० को दोस्रो त्रैमासभित्र ३० वटा मर्चेन्ट बैंकरहरुको गैरस्थलगत सुपरिवेक्षणका क्रममा देखिएका कैफियतहरु निम्नानुसार रहेका छन् :-

  क). संचालनमा रहेका ३० (असोज मसान्त सम्ममा) मर्चेन्ट बैंकरहरुमध्ये आ.व. २०७९।८० को बार्षिक प्रतिवेदन आ.व. समाप्त भएको तीन महिनभित्र (असोज मसान्तभित्र) बोर्डमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा समयमै वार्षिक प्रतिवेदन पेश नगरी तीन दिन ढिला गरि बार्षिक प्रतिवेदन पेश गर्ने एक र तथा बार्षिक प्रतिवेदन बुझाउने म्याद थपको निवेदन समेत ढिला गरी पेश गर्ने एक मर्चेन्ट बैंकरहरुलाई कारबाही गर्ने सम्बन्धमा आवश्यक निर्णयका लागि प्रस्ताव तयार गरिएको ।

  ख)नेशनल मर्चेन्ट क्यापिटल लि.को नाम मिति २०७९/०९/१७ देखि लागू हुने गरी नेपाल लाइफ क्यापिटल लि.मा परिवर्तन भएको ।

- **आ.व. २०७८।७९ को दोस्रो अर्धवार्षिक प्रतिवेदन;**

  धितोपत्र व्यवसायी(मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम २६ को उपनियम (२) बमोजिम मर्चेन्ट बैंकरले प्रत्येक अर्ध वार्षिक अवधि समाप्त भएको ६० (साठी) दिन भित्र आफूले गरेको मर्चेन्ट बैंकिङ्ग व्यवसायको अर्धवार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्ने व्यवस्था बमोजिम दोस्रो अर्धवार्षिक प्रतिवेदन मिति २०७९।१२।०१ भित्र बुझाउनुपर्नेमा तपसिल बमोजिमका १२ वटा मर्चेन्ट बैंकरहरुले बुझाइसकेको छ ।

  १. लक्ष्मी क्यापिटल लिमिटेड
  २. सेन्चरी क्यापिटल लिमिटेड
  ३. हिमालयन क्यापिटल लिमिटेड
  ४. कुमारी क्यापिटल लिमिटेड

५. माच्छापुच्छे क्यापिटल लिमिटेड
७. सिभिल क्यापिटल लिमिटेड
८. सनराइज क्यापिटल लिमिटेड
९. गरिमा क्यापिटल लिमिटेड
१०. सिविआइएल क्यापिटल लिमिटेड
११. बैंक अफ काठमाडौं लिमिटेड
१२. नागरिक लगानी कोष

- **लेखापरिक्षक नियुक्तिको जानकारी;**
धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८० को उपदफा (३) बमोजिम धितोपत्र व्यवसायीले लेखापरिक्षक नियुक्त गरेको मितिले ७ दिनभित्र त्यस्तो लेखापरीषकको नाम, ठेगाना समेत बोर्डलाई सूचना गर्नु पर्नेछ ।

| क्र.स. | लेखापरिक्षक नियुक्तिको जानकारी दिने मर्चेन्ट बैंकर | लेखापरिक्षकको नाम | लेखापरिक्षक नियुक्तिको मिति | बेर्डमा जानकारी मिति |
|---|---|---|---|---|
| १ | सिभिल क्यापिटल लि. | श्री आईपि मैनाली एण्ड एसोर्सिएट्स चार्टड एकाउन्टेन्ट्स | २०७९।८।२९ | २०७९।९।०५( ईमेल) |
| २ | लक्ष्मी क्यापिटल लि. | पिकेएफटिआर उपाध्याय एण्ड कम्पनी लि. | २०७९।७।२७ | २०७९।७।२९ |
| ३ | मेगा क्यापिटल लि. | सिएससि एण्ड कम्पनी चार्टड एकाउन्टेन्ट्स | २०७९।८।२० | २०७९।८।२३ |

- **श्रम अडिट रिपोर्ट;**
श्रम नियमावलि, २०७५ को नियम ५६ को उपनियम (४) बमोजिम प्रतिष्ठानले यस ऐन तथा यस नियमावली बमोजिम गरेको श्रम अडिट प्रतिवेदनको प्रति श्रम सम्बन्ध समिति र प्रतिष्ठानसंग सम्बन्धित देहाय बमोजिम नियामक निकायलाई प्रत्येक बर्षको पौष मसान्तभित्र पेश गर्नुपर्नें छः ।
(घ) अन्य प्रतिष्ठानले आफूलाई स्थापना वा संचालन अनुमति प्रदान गर्ने निकायमा
आ.व.२०७९।८० मा श्रम अडिट प्रतिवेदन यस अवधि सम्म सबै ३० वटै मर्चेन्ट बैंकरले पेश गरिसकेको ।

- **AML/CFT रिपोर्ट**
सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी, २०७६ को निर्देशन १८ (१) सूचक संस्थाले यो निर्देशन बमोजिम सम्पादन गरेको कार्यहरुको अर्धवार्षिक प्रतिवेदन उक्त अवधि व्यतित भएको १५ दिन भित्र अनुसूची- ३ को दाँचामा बोर्डमा पठाउनु पर्नेछ भन्ने व्यवस्था बमोजिम सबै २९ वटै मर्चेन्ट बैंकरले पेश गरिसकेका र एक वटा मर्चेन्ट बैंकरले नवुझाएको ।

- आ.ब..२०७९।८० को दोस्रो त्रैमासिक अवधिमा ३ वटा क्रेडिट रेटिङ्ग संस्थाहरुको गैर स्थलगत सुपरीवेक्षण गरिएको छ भन्ने आगामी त्रैमासिक अवधिमा उक्त क्रेडिट रेटिङ्ग संस्थाहरुको स्थलगत

सुपरीवेक्षण गर्ने योजना रहेको छ । साथै आस्वा सदस्यको काम कारवाहीको नियमित रुपमा गैरस्थलगत सुपरीवेक्षण गर्दै आएको तथा कुल संख्याको कम्तिमा २० प्रतिशतको स्थलगत सुपरिवेक्षण गर्ने योजना रहेकोले आस्वा सदस्यहरुको स्थलगत सुपरीवेक्षण कार्यका सूची तयार गरिएको ।

- क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३३ बमोजिम प्रत्येक क्रेडिट रेटिङ्ग संस्थाले प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र क्रेडिट रेटिङ्ग सम्बन्धि विवरणहरु समावेश भएको लिखित त्रैमासिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुरुप देहाय बमोजिमका क्रेडिट रेटिङ्ग संस्थाले दोस्रो त्रैमासिक प्रतिवेदन पेश गरेका छन् ।

**आ.व. २०७९।८० को दोस्रो त्रैमासिक प्रतिवेदन;**

| क्र.स. | क्रेडिट रेटिङ्ग संस्था | विवरण पेश गरेको मिति |
|---|---|---|
| १ | इक्रा नेपाल लिमिटेड | २०७९।१०।०५ |
| २ | केयर रेटिङ्ग नेपाल लिमिटेड | २०७९।१०।२३ |
| ३ | इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड | २०७९।१०।१९ |

- **लेखापरिक्षक नियुक्तिको जानकारी;**

क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३२ को उपनियम (२) बमोजिम क्रेडिट रेटिङ्ग संस्थाले लेखा परीक्षकको नियुक्ति गरेको पन्ध्र दिन भित्र बोर्डलाई सो सम्बन्धि जानकारी पठाईसक्नुपर्ने व्यवस्था बमोजिम बोर्डलाई देहाय बमोजिम सस्थाले मितिमा जानकारी प्राप्त भएको छ ।

| क्र.स. | लेखापरिक्षक नियुक्तिको जानकारी दिने क्रेडिट रेटिङ्ग संस्था | लेखापरिक्षकको नाम | लेखापरीक्षक नियुक्तिको मिति | बोर्डमा जानकारी मिति |
|---|---|---|---|---|
| १ | इक्रा नेपाल लिमिटेड | श्री एस.ए.आर.असोसिटस् चार्टड अकाउण्टेण्ट्स, | २०७९।०९।२२ | २०७९।१०।३ |
| २ | केयर रेटिङ्ग नेपाल लिमिटेड | श्री के.जे.एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्टस् । | २०७९।०८।१५ | २०७९।०९।०४ |
| ३ | इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड | श्री प्रियाङ्क पोखरेल, चाटर्ड एकाउन्टेन्टस् | २०७९।०९।१५ | २०७९।०९।१९ |

- **श्रम अडिट रिपोट;**

श्रम नियमावलि, २०७५ को नियम ५६ को उपनियम (४) बमोजिम प्रतिष्ठानले यस ऐन तथा यस नियमावली बमोजिम गरेको श्रम अडिट प्रतिवेदनको प्रति श्रम सम्बन्ध समिति र प्रतिष्ठानसंग सम्बन्धित नियामक निकायलाई प्रत्येक बर्षको पौष मसान्तभित्र पेश गर्नुपर्ने छ ।

(घ) प्रतिष्ठानले आफूलाई स्थापना वा संचालन अनुमति प्रदान गर्ने निकायमा आ.व.२०७९।८० मा श्रम अडिट प्रतिवेदन पेश गरेको ।

- सूचिकृत संस्था शाखाले सूचिकृत संस्थाहरुको विवरण प्रवाह र उक्त संस्थाहरुबाट कानूनी व्यवस्थाहरुको पालना भए/नभएको सम्बन्धमा सुपरिवेक्षण गर्ने गरेको तथा केही विषयहरु अध्ययन भई अन्तिम चरणमा रहेको ।

- स्टक एक्सचेञ्ज, धितोपत्र कारोवार, सिडिएस तथा डिपी शाखाले स्टक एक्सचेञ्ज, सिडिएस तथा डिपी सदस्यको काम कारवाही र धितोपत्र बजारमा हुने धितोपत्र कारोवारको नियमित रुपमा सुपरिवेक्षण भईरहेको, केही शंकास्पद कारोवारहरुको अध्ययन भईरहेको ।
- रिडी पावर कम्पनी लि.का तत्कालिन अध्यक्ष गुरु प्रसाद न्यौपानेले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ को उपनियम (१क) मा भएको व्यवस्थाको उल्लंघन गरी अध्यक्ष पदमा बहाल रहेकै बखत साविक रिडि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि.को शेयर खरिद बिक्री गरेकोले निजलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (७) बमोजिम पचहतर हजार रुपैयाँ जरिवाना गर्ने निर्णय भएको ।

**धितोपत्र तथा वस्तु बजार अनुसन्धान सम्बन्धी विवरण :**

- सेक्युरिटिज एण्ड फ्यूचर मार्केट इन्स्टिच्यूट स्थापना सम्बन्धमा अध्ययन सम्पन्न भई 15 श्रावण 2079 मा अध्ययन प्रतिवेदन श्रीमान् अध्यक्षज्यू समक्ष पेशभएको।
- SEBON Journal Volume X को लागि Submission सम्बन्धमा मिति मा 18 श्रावण 2079सूचना प्रकाशन गरिएको। साथै Manuscript हरू संकलन भैरहेको।
- धितोपत्र बजारको स्थिति, धितोपत्र व्यवसायी तथा सूचीकृत संगठित संस्थाहरुको गतिविधिहरु, बोर्डको कार्य सम्पादन तथा वार्षिक उपलब्धी र नियमित कामकारवाही समावेश गरी बोर्डको आर्थिक वर्ष २०७८।७९ को वार्षिक तयार गरी नेपाल सरकार समक्ष पेश भएको।
- बोर्डको आर्थिक वर्ष २०७9।को वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन योजना तयार गरी 80 मा पेश भै नोट भएको। 24 भाद्र 2079 संचालक बोर्डमा मिति
- नेपाल सरकारको आर्थिक वर्ष २०७9।को बजेटमा समा 80वेश भएका पुँजी बजारसम्बन्धी कार्यक्रमको कार्यान्वयन योजना तयार गरी नेपाल सरकारअर्थ मन्त्रालयमा पेश गरिएको। ,
- हकप्रद निष्काशन अन्तगर्तको हक हस्तान्तरण सम्बन्धमा अध्ययन सम्पन्न भई मा २३ माघ 2079 अध्ययन प्रतिवेदन श्रीमान् अध्यक्षज्यू समक्ष पेशभएको।
- Short Selling सम्बन्धी प्रारम्भिक अध्ययन भएको।
- नेपाल सरकारको नीतिगत प्राथिमकता र न्यूनतम कार्यक्रममा रहेको दिगो आर्थिक विकास र अर्थतन्त्रको सबलीकरण अन्तर्गत पुँजी बजार सम्बन्धमा नीतिगतसंस्थागत तथा प्रक्रियागत सुधारको , कार्ययोजना नेपाल सरकार समक्ष पेश गरिएको।
- नेपाल सरकारको आर्थिक वर्ष २०८०पत्र तथा वस्तु विनिमय को नीति तथा कार्यक्रममा धितो ८१/ बजारसम्बन्धी समावेश गर्नुपर्ने कार्यक्रमहरूको सुझाव नेपाल सरकारसमक्ष पेश गरिएको।

- आको आर्थिक सर्वेक्षणमा समावेश हुने पुँजी बजारसम्बन्धी विवरण तयारी कार्य ७९/२०७८ .व. भैरहेको। साथै आगामी वर्षको बजेट निर्माणका क्रममा गठन भएको राजश्व परामर्श समिति अन्तर्गतको उप समितिमा बोर्डमार्फत् प्रतिनिधित्व गरी पुँजी बजार क्षेत्रका सम्बन्धमा सुझावसहितको प्रतिवेदन मस्यौदा भैरहेको।

**वित्तीय साक्षरता अभिवृद्धिका लागि देहाय बमोजिमका कार्यहरू सम्पन्न गरिएको छः**

- International Organization of Securities Commission (IOSCO) को आव्हानमा अक्टोबर १२ देखी अक्टोबर १८ सम्म छैठौं विश्व लगानीकर्ता सप्ताह (World Investor Week, WIW) मनाइएको। लगानीकर्तालाई शिक्षा, सुरक्षा तथा वित्तीय साक्षरता सम्बन्धी मुख्य सन्देशहरु सम्प्रेषण गर्ने र सिकाईका अवसरहरु प्रदान गर्ने मुख्य उद्धेश्यका साथ सम्पन्न गरिएको सो सप्ताहमा धितोपत्र बोर्ड सहित अन्य बजार सहभागीहरु धितोपत्र बजार, मर्चेण्ट बैंक, धितोपत्र दलाल व्यवसायी, क्रेडिट रेटिंग संस्थाहरु लगायतको अगुवाइमा लगानी सम्बन्धी मुख्य सन्देशहरु प्रकाशित गरी, रेडियो कार्यक्रम तथा लगानीकर्ता सचेतना कार्यक्रम सञ्चालन गरी सो सप्ताह मनाइएको साथै नेपाल टेलिभिजनमा धितोपत्र बजार सम्बन्धी जनचेतनामुलक कार्यक्रम एवं वृत्तचित्र प्रशारण गरिएको।
- धितोपत्र तथा वस्तु विनिमय बजार विकास सम्बन्धमा बोर्डबाट भएका गतिविधि तथा साक्षरता अभिवृद्धिका लागि रेडियो नेपालबाट नियमित रूपमा महिनाको दुइ पटक रेडियो कार्यक्रम सञ्चालन गरिदै आएको।
- विभिन्न समयमा बजार सहभागी तथा अन्य निकायबाट सञ्चालन हुने कार्यक्रमहरूमा यस बजारसम्बन्धी प्रस्तुतिका लागि बोर्डबाट प्रशिक्षक पठाइएको।
- बजारसम्बन्धी लगानीकर्ताले जान्नुपर्ने कुराहरू विभिन्न सञ्चार सामग्रीहरूमार्फत् प्रकाशन गरिएको।
- Global Money Week-2023 को अवसरमा गरिने कार्यक्रमहरू तय गर्न समिति गठन गरिएको र सो समितिबाट कार्यक्रमहरूको खाका तयार गरिएको।
- धितोपत्र बजारसम्बन्धी सचेतना अभिवृद्धिका लागि सन्देशमुलक वृतचित्र निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको।

## ११.सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बर :

**प्रमुख**
श्री रमेश कुमार हमाल
अध्यक्ष
सम्पर्क नं.१-५५४१०५७, ५५५०५११

**सुचना अधिकारी**
श्री तेज प्रसाद देवकोटा
उप कार्यकारी निर्देशक
सम्पर्क नं ०१-५५४१०५७, ५५५०५११

## १२. ऐन नियम विनियम र निर्देशिकाको सूची :

- **ऐनहरु**

क. धितोपत्र सम्बन्धी ऐन, २०६३
ख. वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४

- **धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी नियमावलीहरु**

क. नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
ख. धितोपत्र बजार संचालन नियमावली, २०६४
ग. धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
घ. धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४
ङ. सामूहिक लगानी कोष नियमावली, २०६७
च. धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
छ. क्रेडिट रेटिङ्ग नियमावली, २०६८
ज. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
झ. वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४
ञ. धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५

- **निर्देशिकाहरु**

क. लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट) सम्बन्धी निर्देशिका, २०६७
ख. सामूहिक लगानी कोष निर्देशिका, २०६९
ग. धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३,
घ. धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४
ङ. सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७४
च. धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा कार्य संचालन निर्देशिका, २०७४
छ..सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तिय लगानी निवारण निर्देशिका, २०७४
ज. बुक बिल्डिङ्ग निर्देशिका, २०७७

- **<u>विनियमावलीहरु</u>**

क. सरकारी ऋणपत्रको दोस्रो बजार व्यवस्थापन विनियमावली, २०६२
ख. सरकारी ऋणपत्रको दोस्रो बजार कारोबार संचालन विनियमावली, २०६२
ग. धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८
घ. धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली २०६९
ङ. धितोपत्र सूचीकरण विनियमावली, २०७५
च. धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५

***माथी उल्लेखित भएको ऐन, नियम, विनियम र निर्देशिकाहरु बोर्डको वेवसाईटमा समेत राखिएको छ ।***

१३.आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण :

## नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर

### नाफा वा नोक्सानको विवरण
२०७९ श्रावण देखि पौष मसान्तसम्मको

*(रकम रुपैयाँमा)*

| विवरण | आ.व. २०७९।८० पौष सम्म | आ.व. २०७८।७९ (अपरिष्कृत) |
|---|---|---|
| धितोपत्र बजारबाट आम्दानी | १६७,६८०,०६९ | ८०९,२११,५६३ |
| अन्य आम्दानी | ६६,७८३,९२२ | १३१,२१२,९६१ |
| **कुल आम्दानी** | २३४,४६३,९९१ | ९४०,४२४,५२३ |
| कर्मचारी खर्च | ५६,३४९,७२७ | १७०,९८६,३९७ |
| अन्य संचालन खर्च | ३४,२९६,९७० | ३८,००२,३६० |
| ह्रास कट्टि खर्च | ८,९०७,२३० | १४,८४५,३८३ |
| **संचालनबाट नाफा/बचत** | १३४,९१०,०६४ | ७१६,५९०,३८४ |
| वित्त लागत | - | १,७७१,११४ |
| **आयकर अघिको नाफा/बचत** | १३४,९१०,०६४ | ७१४,८१९,२७० |
| आयकर व्यवस्था | | |
| चालु आयकर | ४०,४७३,०१९ | २६५,५८०,८६७ |
| स्थगन कर खर्च/(आम्दानी) | | (३०,५५९,१०८) |
| **संचालनबाट नाफा** | ९४,४३७,०४५ | ४७९,७९७,५११ |
| आयकर पछिको गैर संचालन नाफा र नोक्सान | | |
| **यस वर्षको खुद नाफा/बचत** | ९४,४३७,०४५ | ४७९,७९७,५११ |

### अन्य विस्तृत आयको विवरण
२०७९ श्रावण देखि पौष मसान्तसम्मको

| विवरण | आ.व. २०७९।८० पौष सम्म | आ.व. २०७८।७९ (अपरिष्कृत) |
|---|---|---|
| **खुद नाफा/बचत** | ९४,४३७,०४५ | ४७९,७९७,५११ |
| **अन्य विस्तृत आय** | | |
| खुद परिभाषित कर्मचारी सुविधा योजनाहरूको पुनः मापन | - | २०,४८०,२८५ |
| आयकर (स्थगन कर खर्च) | - | (६,१४४,०८६) |
| **अन्य विस्तृत आय (आयकर पछि) (ख)** | - | १४,३३६,२०० |
| **कुल अन्य विस्तृत आय (क + ख)** | ९४,४३७,०४५ | ४९४,१३३,७१० |

# नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर

## वित्तीय स्थितिको विवरण
२०७९ पौष मसान्तको

*(रकम रुपैयाँमा)*

| विवरण | २०७९ पौष ३० | २०७९ आषाढ ३२ (अपरिस्कृत) |
|---|---|---|
| **सम्पत्ति** | | |
| **गैर चालू सम्पत्ति** | | |
| स्थिर सम्पत्ति | ३२,६९०,३०९ | ३९,७०९,४५६ |
| अदृश्य सम्पत्ति | ८३२,८३९ | १,०६५,६२१ |
| सम्पत्ति खरिदको अग्रिम भुक्तानी | ४२५,६००,००० | ४२५,६००,००० |
| ***वित्तीय सम्पत्ति (परिषोधित लागतमा मापन गरिएको)*** | | |
| लगानी | २७,२८५,००० | २७,२८५,००० |
| कर्जा तथा पेश्की | ४९,६५३,६११ | ३७,२०५,७९७ |
| धरौटी | १३२,३६९ | १३२,३६९ |
| कर्मचारी सुविधाको अग्रिम भुक्तानी | १२,४३०,५४१ | १२,४३०,५४१ |
| स्थगन कर सम्पत्ति | ५८,५४०,०८२ | ५८,५४०,०८२ |
| **कुल गैर चालु सम्पत्ति** | **६०७,१६४,७५१** | **६०१,९६८,८६५** |
| **चालु सम्पत्ति** | | |
| ***वित्तीय सम्पत्ति (परिषोधित लागतमा मापन गरिएको)*** | | |
| प्राप्त गर्नुपर्ने आम्दानी | - | १२३,३५८,६१० |
| अन्य वित्तिय सम्पत्ति | १,४१०,०००,००० | १,५९०,०००,००० |
| अंग्रीम भुक्तानी | ३०,२७३,४२९ | ४,१०५,९६८ |
| नगद र नगद सरह मौज्दात | ५६७,९०९,९६३ | २१८,०३३,७९६ |
| **कुल चालु सम्पत्ति** | **२,००८,१८३,३९२** | **१,९३५,४९८,३७४** |
| **कुल सम्पत्ति** | **२,६१५,३४८,१४३** | **२,५३७,४६७,२३९** |
| **कोष तथा दायित्व** | | |
| अक्षय कोष | १,११०,०००,००० | १,११०,०००,००० |
| अन्य कोषहरु | १,३०७,७८७,८६३ | १,२१३,३५०,८१८ |
| **कोष तथा जगेडा** | **२,४१७,७८७,८६३** | **२,३२३,३५०,८१८** |
| **दायित्व** | | |
| **गैर चालू दायित्व** | | |
| परिभाषित कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य | १२२,९२०,१७५ | १३५,९१२,४८८ |

| | | |
|---|---|---|
| गैर वर्तमान लीज दायित्व | ४,४४१,०४५ | ४,४४१,०४५ |
| **कुल गैर चालु दायित्व** | १२७,३६१,२२० | १४०,३५३,५३३ |
| **चालु दायित्व** | | |
| परिभाषित कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य | ६,८५२,३०० | ७,५७६,५६७ |
| चालु लीज दायित्व | ९,५५९,४९६ | ९,५५९,४९६ |
| आयकर दायित्व | - | २,०२८,६५२ |
| अन्य चालु दायित्व | ५३,७८७,२६५ | ५४,५९८,१७२ |
| **कुल चालु दायित्व** | ७०,१९९,०६० | ७३,७६२,८८७ |
| **कुल दायित्व** | १९७,५६०,२८० | २१४,११६,४२१ |
| **कुल कोष तथा दायित्व** | २,६१५,३४८,१४३ | २,५३७,४६७,२३९ |

नोट:

माथि उल्लेखित विवरणमा एक्चुरीयल मुल्याकंन र NFRS अनुसारको समायोजन र कोष बाँडफाँड गर्न बांकी रहेको छ।
बाह्य लेखापरिक्षकले २०७८।७९ को वित्तीय विवरणमा थपघट गर्न निर्देशन दिएमा माथिको वित्तीय विवरणमा फरक पर्न सक्नेछ।

## १४. अघिल्लो आर्थिक वर्षमा बोर्डले आयोजना गरेको कार्यक्रमको विवरण:

बोर्डको आयोजनामा भएको प्रमुख कार्यकमहरु देहाय बमोजिम रहेको छ।

- अनलाइन पोर्टल मार्फत लगानीकर्ता प्रशिक्षणसम्बन्धि विविध कार्यक्रमहरु सञ्चालन गरिएको।
- बोर्डको ३०औ बार्षिकोत्सव २०७८।०२।२५ गते माननीय अर्थमन्त्री श्री जर्नादन शर्मा प्रभाकरज्यूको प्रमुख आतित्थमा आयोजना गरिएको। सो अवसरमा बोर्ड अध्यक्षबाट बोर्डका काम कारवाहीका र भावि प्राथमिक्ताका सम्बन्धमा भनाई राख्नु भएको थियो। सो अवसरमा नेपाल धितोपत्र बोर्ड पूंजीबजार उत्कृष्ट आर्थिक पत्रकारिता पुरस्कार तथा पूँजीबजार तथा बस्तु बजार सम्बन्धी विषयका उत्कृष्ट शोधपत्रहरु पुररस्कृत गरिएको थियो साथै सोही अवसरमा नेपाल धितोपत्र बोर्ड बार्षिकोत्सव लेख विशेषाङ्कको समेत बिमोचन गरिएको थियो।
- आ.व. २०७९।८० को नीति तथा कार्यक्रम माथि सुझाव तथा राय संकलनका लागि संवन्धित क्षेत्रका विज्ञहरुसंग छलफल तथा अन्तर्क्रिया कार्यक्रम संचालन गरिएको।

## १५.. बोर्डको वेभसाईटको विवरण :

www.sebon.gov.np

## १६. बोर्डको सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण :

- नेपाल धितोपत्र बोर्ड समाचार
- Quarterly Indicators
- वार्षिक प्रतिवेदन (अंग्रेजी तथा नेपाली)
- नेपाल धितोपत्र बोर्ड एक परिचय

- धितोपत्र बजार तथा वस्तु बजारबारे बारबार सोधिने प्रश्नहरु
- पूँजी बजारसम्बन्धी साक्षरता
- नेपाल धितोपत्र बोर्ड एक परिचय संक्षिप्तमा
- प्रादेशिक प्रोफाइल
- ३०औं बार्षिकोत्सव बिषेशाङ्क
- आवश्यकत्ता अनुसार समाचार तथा सूचनाहरु बिभिन्न राष्ट्रिय दैनिक एवं अन्य पत्रपत्रिका तथा अनलाईन पोर्टलहरुमा प्रकाशन हुने गरेको ।

## १७. अन्य विवरण :

धितोपत्र बोर्डको सम्पर्क ठेगाना तथा टेलिफोन नम्बरहरु:
नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर
पो.बं.नं. ९०३१,
फोन नं. ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७ फ्याक्स नं. ००९७७-१-५५४१०५८
टोल फि नं.१६६००१४४४३३
इमेल: support@sebon.gov

### अनुसूची १

**आ.व. २०७९।०८० को दोस्रो त्रैमासिक अवधिसम्ममा धितोपत्र दर्ता तथा निष्काशन सम्बन्धी कार्य विवरण ।**

| क.सं. | निष्काशनको प्रकार | दर्ता संख्या | दर्ता भएको धितोपत्र(संस्थापक शेयर समेत) | | निश्काशन गरिने धितोपत्र | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | रकम रु. | संख्या | रकम रु. |
| १. | प्रारम्भिक सार्वजनिक निष्कशन(IPO) | २३ | २०,४२,१९,९२५ | २०,४२,१९,९२,५०० | ५,६७,४७,८९६ | ५,६७,४७,८९,६०० |
| २. | हकप्रद निष्काशन (Right Issue) | १ | ९५,३५,७६०.९९ | ९५,३५,७६०९९ | ९५,३५,७६०.९९ | ९५,३५,७६,०९९ |
| ३. | थप सार्वजनिक निष्काशन (FPO) | ० | . | . | . | . |
| ४. | ऋणपत्र निष्काशन (Debenture @Rs1000) | ९ | २,७०,००,००० | २७,००,००,००,००० | १,०८,००,००० | १०,८०,००,००,००० |
| ५. | सामुहिक लगानी कोष योजना( Mutual Fund Scheme @Rs.10 Per Unit) | ९ | ९९,५०,००,००० | ९,९५,००,००,००० | ९९,५०,००,००० | ९,९५,००,००,००० |